# मकवानपुरगढी गाउँपालिका
## Makawanpurgadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) :

मिति : २०७७।०१।२२
Date :

## बाँझो जग्गा उपयोग अनुदान उपलब्ध गराउने सम्बन्धि सूचना ।

विश्वव्यापी रुपमा फैंलदै गएको नोभेल कोरोना भाइरस रोगको संक्रमणलाई न्युनिकरण गर्न नेपाल सरकारले गत २०७६ चैत्र ११ गते देखि नै गरेको लकडाउन अर्थात वन्दावन्दीको प्रभावबाट उत्पन्न हुनसक्ने अनिकाल एवं खाद्यसंकटबाट मकवानपुरगढी गाउँपालिकाबासीलाई बचाउन बाँझो जग्गालाई उपयोग गरी कृषि उत्पादन पेशामा संलग्न हुने कृषकहरुलाई मल, बिउँ खतजोतका लागि प्रोत्साहनस्वरुप तपसिल बमोजिम अनुदान उपलब्ध गराउने कार्यपालिकाको निर्णय भए बमोजिम इच्छुक व्यक्तिलाई देहायमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुन **संशोधित बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७५** को दफा ८क. बमोजिम यो सूचना आव्हान गर्दछौं ।

**तपसिल**

१. वाँझो जग्गामा आपं, लिची, केरा, कटहर, सुन्तला,कागती तथा अन्य फलफुल खेति गरेमा प्रति रोपनि रु २०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
२. वाझो जग्गामा अन्नवाली, तरकारीवालि र नगदेवाली तथा मसलेदार खेति गरेमा प्रति रोपनी रु २५००।- का दरले अनुदान उपलव्ध गराइने।
३. हाल लकडाउनका कारण गाउँपालिकाको तर्फवाट खाद्यान्न प्राप्त गरेका वा वाहिर वसी काम गर्ने विपन्न तथा मजदुर घरपरिवारले आफ्नो स्वामित्वमा रहेको वाँझो जमिन वा अरु कुनै व्यक्तीवाट वाँझो जग्गा भाडामा वा लिजमा लिइ अन्नबाली, तरकारीवालि, फलफुल तथा मसलेदार खेति गरेमा रु. ३०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
४. वाझो रहेको आफ्नो जग्गा वा लिजमा लिएको जग्गामा सुधारिएको गोठ वा खोर निर्माण गरी घास लगाइ व्यवसाहिक पशु पालन गरेमा प्रति रोपनि रु. ३०००।- का दरले अनुदान उपलव्ध गराईनेछ ।
५. वाझो रहेको जग्गामा ३० वटा वाख्रा वा ५ वटा सम्म गाई वा भैसी वा १०वटा वंगुर पाल्ने गरी खोर वा गोठ निर्माण गर्न स्टमेट र मुल्याङकनको आधारमा वढीमा १ लाख सम्म अनुदान उपलव्ध गराइने छ ।
६. माछा पालन गर्नका लागी प्रति रोपनि पोखरी निर्माण गरी प्रयोगमा ल्याएमा १५०००।- उपलव्ध गराईने छ ।
७. मौरी पालन गर्ने कृषकका लागि प्रति घार रु. ५ हजारका दरले उपलब्ध गराईने छ ।
८. व्यवसायीक जडीवुटी खेति गर्नका लागी प्रति रोपनि रु. ५ हजार सम्म उपलव्ध गराईनेछ ।
९. सामुहिक खेति गर्न चाहने व्यक्तिहरुलाई समेत अनुदान उल्लेखित शर्त बमोजिम नै अनुदान उपलब्ध गरिनेछ ।

**आवश्यक कागजातहरु :**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
३. लिजमा लिएको भए सोको सम्झौता ।
४. बालि लगाउने बाँझो जमिनको क्षेत्रफलको विवरण ।
५. सम्बन्धित वडाको सिफारीस ।
६. कृषि प्राविधिकको सिफारीस ।

**नोट : अनुदानका लागि विगत ५ वर्ष देखि खेती योग्य जमिन बाँझो रहेको हुनपर्नेछ ।**

**पुनश्च:**

१. उल्लेखित कार्यविधि बमोजीम खेतियोग्य जमिन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमिनको गाउंसभाबाट अनुमोदन हुने गरि भुमिकरमा बृद्दी गरिने, त्यस्तो बाँझो जग्गा स्वामित्वमा भएको व्यक्तिलाई गाउपलिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागी नगराउने साथै गाउपालिकाले उपलब्ध गराउने सेवाबाट समेत वन्चित गर्न सकिनेछ ।
२. कसैले उल्लेखित कार्यविधि बमोजीम अटेर गरि वाँझो राखेको जग्गालाई कुनै जग्गा नभएको मोहीले त्यस्तो जग्गा कमाउन चाहेमा गाँउपालिकाले त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि उपलब्ध गराउन सक्नेछ ।
३. कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो बाझो जग्गा गाउपालिकाको भुमि वैकमा जम्मा गर्नु पर्नेछ ।

(रामकुमार पुडासैनी)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार, शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"